दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३०२ | बुटवल | २०८१ कार्तिक २४, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Nov.09, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# अवैध सामान बरामद गर्दा प्रहरी र राजस्व टोलीमाथि आक्रमण

**रुपन्देहीको सिमावर्ती क्षेत्रबाट अहिले ठूलो मात्रामा तस्करी भइरहेको छ। सशस्त्र प्रहरीले मात्रै ९ महिनामा १० करोड बढीको र नेपाल प्रहरीले पनि करिब ५ करोडको अवैध सामान नियन्त्रणमा लिएको छ**



**मोहम्मद हबिब**

*भैरहवा*

रुपन्देहीको सिमावर्ती क्षेत्रमा स्थानीय तस्कर समूहले सशस्त्र प्रहरी र राजश्व अनुसन्धान टोलीमाथि आक्रमणको प्रयास गरेका छन् ।

विशेष सूचानाको आधारमा लुम्बिनी साँस्कृतिक नगरपालिका-२ मुजहनामा बिहीबार साँझ ५ बजे अवैध रुपमा नेपाल भित्र्याई चिनी गोदाम गरी राखिएको भन्ने खबर आएपछि राजस्व अनुसन्धान कार्यालय बुटवल र सशस्त्र प्रहरी बल, नेपाल राजस्व प्रहरी इकाई बुटवलको टोली खानतलासी गर्न पुगेको थियो ।

राजस्व अनुसन्धान कार्यालय बुटवलबाट अनुसन्धान अधिकृत राजबहादुर विष्टसहित ४ जना र सशस्त्र प्रहरी बल, नेपाल राजस्व प्रहरी इकाई बुटवलबाट सशस्त्र प्रहरी निरीक्षक अस्मित चौहान मगरको कमाण्डमा १० जनाको संयुक्त टोलीले सो गाउँ बस्ने ३२ वर्षीय दिलिप लोधको घरमा खानतलासी गर्दा अवैध रुपमा भित्रिएको ११२ बोरा चिनी नियन्त्रणमा लिएको हो । बरामद अवैध चिनी लिएर फर्किने क्रममा करिब ६ बजे १५०-२०० जना स्थानीयहरु मादक पदार्थ सेवन गरी बाटो अवरोध गरेर चिनी लुटपाट गर्ने मनसायले सुरक्षाकर्मीको सवारी साधनमा ढुंगा मुढा गरेका थिए ।

सशस्त्र प्रहरी र राजस्व अनुसन्धान टोलीमाथि नै स्थानीयहरु लागेपछि तत्काल सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हे.क्वा. रुपन्देहीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक आनन्द थापा मगर, रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरे र राजस्व अनुसन्धान कार्यालय बुटवलका प्रमुख अनुसन्धान अधिकृत विवेक घिमिरेको संयुक्त समन्वय एवं सहकार्यमा एसपी थापा मगरसहित गएको ७० जनाको टोलिले उक्त समूहलाई तितरबितर पारी स्थितिलाई नियन्त्रणमा लिएको थियो । बरामद चिनीसहित सवारी साधनहरु राजस्व अनुसन्धान कार्यालय बुटवलमा ल्याएको थियो ।

राजस्व अनुसन्धान कार्यालय बुटवलका प्रमुख विवेक घिमिरेले पक्की घरको सटरमा लुकाइएको अवस्थामा अवैध चिनी बरामद गरेका थियौं, स्थानीयले आक्रमण गरेको खबर पाएपछि तत्कालै आएको सशस्त्रको टिमले ठूलो दुर्घटनाबाट बचेको बताए ।

समूहलाई तितरबितर पार्न खोज्दा स्थानीयहरुले ढुंगा मुढा गरेका थिए । सो क्रममा सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश लुम्बिनी रुपन्देहीको ना १ भ १४७७ नम्बरको गाडीको सिसामा क्षति भएको छ भने गणमा कार्यरत सशस्त्र प्रहरी नायब निरीक्षक काशीप्रसाद चौधरीको दायाँ हात र सशस्त्रकै नेपाल राजस्व प्रहरी इकाई बुटवलमा कार्यरत सशस्त्र प्रहरी जवान चन्द्रमा पाण्डेको समेत दायाँ हातमा चोट लागेको सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हे.क्वा.का सूचना अधिकारी डीएसपी दुर्गा थापाले जानकारी दिए । घाइतेद्वयको बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा उपचारपश्चात् कार्यालय फिर्ता पठाइएको थापाले जानकारी दिए । केही समय अगाडि मर्चवारमा तस्करहरुले भन्सारको गस्तीटोलीलाई घेरामा लिई गाडीसहितको तस्करीको सामान भगाएको घटना सेलाउना नपाउँदै रुपन्देहीमा पुनः सोही प्रकृतिको घटना घटेको छ ।

रुपन्देहीको सिमावर्ती क्षेत्रबाट अहिले ठूलो मात्रामा तस्करी भइरहेको छ । सशस्त्र प्रहरीले मात्रै नौ महिनाको दौरानमा १० करोड बढीको अवैध सामान नियन्त्रणमा लिएको छ भने नेपाल प्रहरीले पनि करिब ५ करोडको अवैध सामान नियन्त्रणमा लिएको छ । खुला सीमाको कारण तस्करहरुले विभिन्न भित्री बाटोबाट तस्करी गरिरहेका छन् । मर्चवार र लुम्बिनी क्षेत्र तस्करहरुको अहिले रोजाइको क्षेत्र बनेको छ । सीमित स्रोत साधनले सुरक्षा निकाय तस्करी न्यूनीकरणमा लागे पनि रोक्न सकेका छैनन् ।

भारतीय बजारबाट नजिकै र नेपालमा पनि सहजै केही क्षणमै गन्तव्यमा पुऱ्याउन सक्ने भएकोले नै तस्करहरु यसको फाइदा उठाउँदै तस्करी गरिरहेका छन् । खुला सीमाको कारण तस्करहरुले विभिन्न भित्री बाटोबाट तस्करी गरिरहेका छन् । रुपन्देहीमा भारतबाट अवैध रुपमा दैनिक करिब ३५ क्वीन्टल जिउँदो कुखुरासमेत तस्करी हुने गरेको नेपाली पोल्ट्री व्यवसायीहरु बताउँछन् । तस्करीको कुखुराका कारण नेपाली किसानले उत्पादन गरेका कुखुराले बजार र लागत मूल्य समेत पाउन नसकेको गुनासो छ ।

## छुट्टाछुट्टै दुर्घटनामा नौ जनाको मृत्यु

बुटवल । दैलेख र चितवनमा भएका छुट्टाछुट्टै दुर्घटनामा नौ जनाको मृत्यु भएको छ । नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत पर्ने भरतपुर महानगरपालिका-२९ सत्रकिलो दुर्घटनामा ५ जना र दैलेखमा भएको दुर्घटनामा ४ जनाको मृत्यु भएको हो ।

शुक्रबार बिहान मुग्लिङबाट नारायणगढतर्फ आउँदै गरेको बागमती प्रदेश ०६-००१ ज ०२९८ नम्बरको इलेक्ट्रिक हायस र नारायणगढबाट मुग्लिङतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २८१२ नम्बरको बस एक आपसमा ठोक्किँदा ५ जनाको मृत्यु भएको थियो ।

जसमा विनय त्रिवेणी गाउँपालिका-४ स्थित बगैँचाका ३५ वर्षिय सन्तोष भुषाल, सोही स्थानकी ३३ वर्षीय सविना भुषाल र भारत घर भई पोखरा बस्दै आएका ३६ वर्षीय राजकुमार साह रहेको चितवन प्रहरी प्रवक्ता डीएसपी भेषराज रिजालले बताए ।

गोरखाको आरुघाट गाउँपालिका १ मान्बुका ४२ वर्षीय राजबहादुर गुरुङ, माइक्रोबस चालक चितवनको खैरहनी नगरपालिका वडा नम्बर ४ का ४० वर्षीय अनोज अधिकारीको पनि मृत्यु भएको छ । मृतकसबै माइक्रोबसमा सवार यात्रु हुन् । माइक्रोमा सवार अर्का एकजनाको चितवन मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको छ । उनको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

यसैबिच दैलेख सिमास्थित वीरेन्द्रनगर नगरपालिका-१४, को रातानाङ्ला नजिक भएको फोर्स गाडी दुर्घटनामा परी चार जनाको मृत्यु भएको छ ।

शुक्रबार दिउँसो साढे २ बजेको समयमा दैलेख बजारबाट सुर्खेततर्फ आउँदै गरेको कर्णाली प्रदेश ०२००१ ख ०९९८ नम्बरको गाडी अनियन्त्रित भई दुर्घटनामा परेको गुराँस गाउँपालिकाका वडा नं. ८ का वडाध्यक्ष दिपेन्द्र वलीले जानकारी दिए । उनका अनुसार दुर्घटनामा परी २५ जना घाइते भएका छन् । घाइतेको उद्धार गरी थप उपचारका लागि कर्णाली प्रदेश अस्पताल सुर्खेत पठाइएको छ । २९ जना सवार उक्त गाडी सडकभन्दा झण्डै दुई सय मिटर तल खसेको छ ।

## सहकारी ठगी प्रकरणमा दुईजनाविरुद्ध रेडकर्नर नोटिस जारी

काठमाडौं । ललितपुरको मितेरी बचत तथा ऋण सहकारी संस्थाको रकम अनियमितता प्रकरणमा ज्योति गुरुङ र ज्योतिबहादुर भण्डारीविरुद्ध अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) मा रेड नोटिस जारी भएको छ ।

प्रहरी प्रधान कार्यालय, नक्सालमा रहेको नेश्नल सेन्ट्रल ब्यूरो (एनसीबी) को सिफारिसका आधारमा इन्टरपोलको फ्रान्समा रहेको हेडक्वार्टरले दुईजनाविरुद्ध रेड नोटिस जारी गरेको हो । यो सहकारी ठगीबारे अनुसन्धान गरिरहेको प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी) ले गुरुङ र भण्डारीको खोजीका लागि इन्टरपोलमा रेड नोटिस जारी गरिदिन भन्दै एनसीबीलाई यसअघि पत्र पठाएको थियो ।

ब्यूरोका एसपी होविन्द्र बोगटीका अनुसार, उनीहरू विदेशमा भएको आशंकासहित इन्टरपोलमार्फत खोजी गर्ने प्रक्रिया अघि बढाइएको थियो । इन्टरपोलबाट नोटिस जारी भएपछि अब उनीहरुको इन्टरपोलका सदस्य राष्ट्र रहेका १९५ देशका सुरक्षा निकायले उनीहरुको खोजी गर्नेछन् ।

गुरुङ सत्तारुढ नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङकी पूर्वपत्नी समेत हुन् । सहकारी विवाद आएपछि उनीहरुले कागजी सम्बन्धविच्छेद गरेको आरोप लाग्ने गरेको छ । अनुसन्धानका क्रममा सम्बन्धविच्छेद भएपछि पनि गुरुङले सहकारीको ऋण तिरेको पाइएको छ ।

प्रहरीका अनुसार, अर्का आरोपी ज्योतिबहादुर भण्डारी भने सहकारीका सदस्य पनि थिएनन् । तर, उनलाई ऋण प्रवाह गरेको भेटिएको छ । सहकारी रजिष्टारको कार्यालय बागमतीले पत्र पठाएपछि सीआइबीले यो सहकारीबारे अनुसन्धान थालेको थियो ।

## सर्वोच्चको न्यायाधीशमा निरौला र पाण्डेको नाम अनुमोदन

काठमाडौं । संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतको न्यायाधीशमा प्रस्तावित नृपध्वज निरौला र नित्यानन्द पाण्डेको नाम अनुमोदन गरेको छ ।

समितिको शुक्रबार बसेको बैठकले सर्वसम्मत रूपमा निरौला र पाण्डेको नाम अनुमोदन गरेको हो । प्रस्तावित न्यायाधीशहरूबारे शुक्रबार सुनुवाइ भएको थियो । सांसदहरूले आएका उजुरी र विभिन्न विषयमा प्रश्न सोधेका थिए भने निरौला र पाण्डेले जबाफ दिए । निरौलामाथि दुईवटा उजुरी आएको थियो ।

ती उजुरीमाथि जबाफ दिएका निरौलाले आफू मुख्य रजिस्ट्रार भएका बेला न्यून बेरूजु भएकोले पुरस्कार पाएको र सर्वोच्च अदालतको भवन निर्माणको ठेक्का प्रक्रिया सम्बन्धमा आफू संलग्न नरहेको बताए ।

आफू मुख्य न्यायाधीशमा नियुक्त भएको दुई महिनापछि सर्वोच्चको भवन निर्माणको प्रक्रियाबारे निर्णय भएकोले यसमा संलग्न नरहेको उनको भनाइ छ ।

निरौलाविरुद्ध सर्वोच्च अदालतको भवन निर्माण प्रक्रियामा कमिसन लिएको, सर्वोच्च अदालतका लागि गाडी खरिद तथा भक्तपुर जिल्ला अदालतको भवन निर्माणमा अनियमितता गरेको उजुरी परेको थियो । समितिमा पाण्डेविरुद्ध कुनै उजुरी परेको थिएन । पाण्डेले न्यायपालिकाको जनआस्था अभिवृद्धि गर्ने कार्यमा आफू समर्पित भएर लागिपर्ने बताएका थिए ।

## गौतमबुद्ध विमानस्थलबाट आज तीन अन्तर्राष्ट्रिय उडान हुँदै



**लुम्बिनी संवाददाता**

*बुटवल*

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट शनिबार तीन वटा कम्पनीले अन्तर्राष्ट्रिय उडान गर्दैछन् । बिहानदेखि रातिसम्म उडान हुने गरी समय तोकिएको छ ।

विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीका अनुसार शनिबार बिहान साढे ७ बजे कुवेतबाट जजीरा एयरवेजको जहाज अवतरण हुँदैछ । यो जहाज साढे ८ बजे फर्कने तालिका छ । यस उडानमा करिब फुल अक्कुपेन्सीमा यात्रु आउने बताइएको छ ।

दिउँसो १२ बजे फ्लाइ दुबईको जहाज आउने तिवारीले जानकारी दिए । यो जहाज भैरहवा अवतरण गरी काठमाडौं जानेछ । काठमाडौंबाट थप यात्रु लगेर दुबई फर्कनेछ ।शुक्रबारका लागि निर्धारित नेपाल एयरलाइन्सको जहाजको उडान समेत शनिबारलाई सारिएको उनले जानकारी दिए । 'कम्पनीले प्राविधिक कारण देखाउँदै शुक्रबारको उडान शनिबारलाई सारेको छ ।'- उनले भने । यो जहाज काठमाडौंबाट भैरहवा अवतरण गरी दुबई उड्ने छ । यी उडानहरू प्रारम्भिक भएको र यात्रु अभ्यस्त नभएका कारण अन्य उडानमा भने धेरै यात्रु छैनन् । जजीराले भने यसअघि पनि उडान गरिसकेका कारण सो कम्पनीले राम्रो यात्रु पाइरहेको छ । भैरहवामा शुक्रबार भने थाई एयर एसियाले बैंककबाट उडान गरेको छ । यो उडानमा ७ यात्रु भैरहवा आएका थिए ।भैरहवाबाट भने ३२ जना यात्रु लिएर थाई एयर एसिया उडेको छ । थाई एयर एसियाले साताको दुई दिन (सोमबार र बिहीबार) बैंकक उडान गर्ने गरी उडान स्वीकृत लिएको छ ।

अन्तर्राष्ट्रिय उडानहरु नियमित हुन थालेपछि पर्यटन व्यवसायमा लगानी गरेका व्यवसायीहरुमा आशा पलाएको छ । विमानस्थल लक्षित गरी रुपन्देहीमा निजी क्षेत्रको ६० अर्ब बढी लगानी भएको व्यवसायीका छाता संस्थाहरुको दावी छ ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ कार्तिक २४,गते शनिबार

तपाईंका लागि...

## बिट्‌विन द लाइन्स्...

"आर्थिक उन्नतिको विशिष्ट चरणमा समाजमा विद्यमान दरार वर्गहरूमा रूपान्तरित भयो। यहीं दरारकै कारण राज्यको उत्पत्ति अत्यावश्यक बन्यो।"

– फ्रेडरिक एंगेल्स
'परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति' बाट

निबन्ध

# दिल साहनीका दुई निबन्धः अध्ययन र चिन्तन



दिल साहनी

म आसामको दरंग (हाल शोषितपुर) जिल्लाको चारदुवारमा स्थित चारदुवार हाई स्कुलमा अध्ययन गर्दा एकजना आसामी शिक्षक थिए अनन्त शर्मा। उनी हामीलाई अंग्रेजी र बुरुङजी (इतिहास) विषयको अध्यापन गर्दथे। उनले हामीलाई अंग्रेजी पाठ पढाउँदा त्यसलाई पानी पानी पार्ने गरी पढाउँथे। उनी त्यस पाठबाट कस्ता प्रश्न आउन सक्दछन् र तिनको उत्तर कसरी लेख्नु पर्दछ भन्ने कुरा पनि हामीलाई बताउँथे। उनले हाम्रो अंग्रेजीको पाठ्य पुस्तकमा चार्ल्स एण्ड मेरी लैमले लेखेको पुस्तक टेल्स फ्रम शेक्सपियरबाट लिइका शेक्सपियरका दुई कथा मर्चेन्ट अफ वेनिस तथा मेकवेथ हामीलाई पानी पानी पार्ने गरी विभिन्न कोणबाट यसरी पढाउने गर्थे कि अहिले पनि मेरो स्मृति पटलमा ती कुरा ताजै रहेका छन्। हाम्रो पाठ्य पुस्तकमा रहेको रुसी कथाकार लिउ टल्सट्वाएको कथा हाउ मच लैन्ड डज ए मैन निड पनि निकै छर्लङ्ग पार्ने गरी पढाउँथे। त्यतिबेला उनले पढाएको त्यो कथा पनि मलाई अझ पनि राम्ररी नै संझना हुन्छ। उसरी यो कथा त मैले क्याम्पसमा अध्यापन गर्दा पनि पढाउनु परेको थियो। उनको अध्यापन गर्ने शैली गजबको थियो।बेजोडको थियो। पढ्नमा म राम्रो पोसिजन ल्याउने विद्यार्थी भएको र मैले उनले अध्यापन गरेका कुरा बडो ध्यानपूर्वक सुन्ने हुनाले उनले अध्यापन गर्दा प्राय मतिर नजर लगाएका हुन्थे। कसैका पनि कुरा ध्यानपूर्वक एकाग्र भएर सुनिरहँदा बीच बीचमा आँखा झिमिक्क गर्न पुगिने रहेछ। म अनन्त सर्माले हामीलाई पढाउँदा बीच बीचमा आँखा झिमिक्क गर्न पुग्दथें। उनले म झिमिक्क गरको देख्दथे। म बडो अप्ठ्यारोमा परेको हुन्थें। मलाई कुनै ठूलो अपराध गरे जस्तो लाग्दथ्यो। म सम्झिन्छु यसरी आँखा झिमिक्क त म पुष्पलालले राजनैतिक क्लास लिंदा पनि एकाग्रचित्त भएर सुन्दा गर्ने गर्दथें।

अनन्त सर्माले हामीलाई बुरुङजी (इतिहास) पनि पढाउँथे। मैले जाँच इंगलिस माध्यममा दिने गरे पनि आसामी भाषा सीहित्यका अतिरिक्त अन्य विषयका कक्षा पनि लिने गर्दथें। यस कारण पनि कि म आसामी भाषामा जानेका कुरा खरर लेख्न नसके पनि पढ्न र बुझ्न सक्दथें। मैले आसामी स्कुलमा इतिहास भूगोल म्याथ र संस्कृत विषय आसामी भाषामा पढेर बुझेर अंग्रेजी भाषामा उत्तर दिन लेख्न काम नै लाग्दथ्यो। तर आसामी भाषा साहित्यको सट्टामा हिन्दी लिएको हुनाले आसामी भाषा साहित्यको कक्षा नलिंदा पनि हुन्थ्यो। तर स्कुलमा कलेजमा जस्तो आफ्नो विषयका मात्र कक्षा लिए हुने चलन नभएकोले म आसामी भाषा साहित्यको कक्षा पनि लिने गर्दथें। आसामी विषय पढाउँदा म एक्लै कक्षा कोठाबाट फुत्त बाहिर निस्किनु पनि राम्रो कुरो थिएन। शोभनीय कुरा पनि थिएन। यसैले पनि मैले आसामी भाषा साहित्यको जाँच दिन नपरे पनि कक्षा भने अनुशासित विद्यार्थीले जस्तै नबिराई लिएको थिएँ। आसामी विषय लिएका विद्यार्थीले जस्तै लिएको थिएँ। त्यसले मलाई फाइदा नै गर्यो। कुनै नोक्सान गरेन।

जे होस्, त्यतिबेला हामीलाई अनन्त शर्माले भनेको एउटा कुरा अझसम्म पनि मेरो मनमा गढेको छ। त्यसलाई मैले भुल्न सकेको छैन।उनले हामीलाई अध्यापन गर्दा एकपल्ट भनेका थिए – तोमालोके कम पढिवा बेसिकै भाविवा (तिमीहरू कम पढ्नु, धेरै चिन्तन मनन गर्नु। सोंच्नु।) त्यतिबेला मैले यी कुरालाई त्यति गम्भिरतापूर्वक लिएको थिइनँ। शायद मैले उनको भनाइको तात्पर्य बुझेको थिइनँ। तर अहिले मलाई उनको त्यस भनाइमा निकै गहिरो अर्थ लुकेको छ जस्तो लाग्दछ। वास्तवमा पढ्ने कुरा जति महत्वपर्ण छ त्योभन्दा कता हो कता महत्वपूर्ण कुरा छ पढको कुरामाथि गम्भीरतापूर्वक सोच्नु। चिन्तन मनन गर्नु। त्यसको भाव गम्भीरतालाई छिचोल्नु। पर्गेल्नु। केलाउनु। छिन्नु। निफन्नु। हाँसले पानीबाट दूध छुट्टाए जस्तो छुट्टाउनु। हामी कहिलेकाहीं पढ्नको लागि पढ्दछौं। पढें भन्नको लागि पढ्दछौं। भनौं हामी माथि माथि पढ्दछौं। डाँडे मेलो पढ्दछौं। गम्भीर भएर पढ्दैनौं। हामीले पढको कुरामा के छ त्यसलाई खोतल खातल गर्ने हिसाब किताबले पुस्तक पढ्दैनौं। पढेको कुरामा भित्री तहसम्म डुबुल्की लगाउने प्रयास गर्दैनौं। गहिराइसम्म गोता लगाउने प्रयास गर्दैनौं। छिपछिपे पानीमा खेलेर सन्तोष मान्दछौं। हामीले अध्ययन गर्ने तरिका पुरोहितले अर्थ बुझे पनि नबुझे संस्कृत भाषाका धर्मशास्त्र भट्टाएर सप्ताह पुराण लगाएको जस्तो हुन्छ।ठूला ठूला यज्ञ सम्पन्न गराए जस्तो हुन्छ। भनौं हाम्रो पढ्ने कुरा अर्थहीन हुन्छ। दिनभरि करायो दक्षिणा हरायो जस्तो हुन्छ। हात ताम्यो शुण्य जस्तो हुन्छ।

यसैले अनन्त शर्माले पढाउँदै गर्दा हामीलाई भनेको कुरा– तोमालोके कम पढिवा बेसिकै भाविवा– एकदम सही रहेछ। घतलाग्दो रहेछ। निकै नै चिन्तन मनन गर्ने पर्ने खालको रहेछ। अनुशरण गर्नु पर्ने खालको रहेछ। पुस्तक कसरी अध्ययन गर्ने भन्ने सवालमा अंग्रेजीका चर्चित निबन्धकार तथा विज्ञानवादी दार्शनिक फ्रान्सिस बेकनले आफ्नो निवन्ध अफ स्टडिजमा निकै गम्भीर चर्चा गर्दै भनेका छन्–केही किताब चाख्नको लागि हुन्छन् अरु केही किताब निल्नको लागि हुन्छन, तथा अन्य केही थोरै किताब चपाउन तथा पचाउनका लागि हुन्छन् अर्थात केही किताब केही अंश मात्र पढ्नु पर्ने हुन्छन् अरु केही किताब पढ्नु त पर्ने तर उत्सुकतापूर्वक (ध्यानपूर्वक) पढ्नु नपर्ने हुन्छन् र केही थोरै पुस्तक पुरै परिश्रम तथा ध्यानपूर्वक पढ्नु पर्ने हुन्छन्। ठीकै हो, पुस्तक भनेर सबै एकै खाले हुँदैनन्। कुनै पुस्तक शुरुदेखि अन्त्यसम्म खुब गंभीरतापूर्वक अध्ययन गर्नु पर्ने खालका हुन्छन्। बार बार अध्ययन गर्नु पर्ने खालका हुन्छन्। त्यसमा चुर्लुम्म डुबेर अध्ययन गर्नु पर्ने खालका हुन्छन्। कुनै पुस्तक केही पाना वा पंक्ति पढेर बन्द गरिदिनु पर्ने खालका हुन्छन्। केही अंश पढेर बाँकी अंश छोडिदिने खालका हुन्छन्। कुनै पुस्तक भने एक दुई पाना पनि नपढी मिल्काइदिने खालका हुन्छन्। हुन पनि पूरै किताब पढेको छु भन्ने पार्न किन काम नै नलाग्ने किताब पढ्नु। त्यस्ता काम नै नलाग्ने किताब पढिन्छ भने पनि पढ्न पर्ने किताब हो वा पढ्नै नपर्ने किताब हो भन्ने कुरा जानेर मात्र पढ्नु पर्दछ। त्यस्ता किताब नपढ्नुको लागि पढ्नु पर्दछ।

हामी किताबलाई डुबेर पढ्ने वा किताब पढेर गंभीर ढंगले चिन्तन मनन गर्ने व्यक्तिको खोजीमा लाग्यो भने त्यस्तो व्यक्ति रुसी कथाकार एन्टोन चेखभको कथा बाजीमा भेट्दछौं। यस कथामा एकजना बैंकर र लयरबिच मृत्यु दण्ड तथा आजीवन कारावासमध्ये तुलनात्मक रूपमा कुन बढी जाती भन्ने सवालमा तर्क वितर्क हुन्छ। बैंकर आजीवन काराबासभन्दा मृत्यु दण्ड जाती भन्दछ। जव कि लयर मृत्यु दण्डभन्दा आजीवन काराबास जाती भन्दछ। यस विषयमा उनीहरूले बाजी थाप्दछन्। बैंकरले कुत्रिम जेल बनाएर यदि लयर पुरै १५ वर्ष एकान्तबास बस्न सक्यो भने ऊ उसलाई दुई मिलियन रुवल्स दिने छ। यसमा लयर राजी हुन्छ। ऊ त्यस कृतिम जेलमा एक पछि अर्को किताब अध्ययन गर्दै दुई मिलियन रुवल्स प्राप्त गर्ने लक्ष्य राख्दछ। अठोट गर्दछ। तर गहिरिएर उसका माग अनुसारका किताब अध्ययन गर्दै जाँदा अन्ततः ऊ के निष्कर्षमा पुग्दछ भने धनसम्पति भन्ने कुरा केही चीज नै होइन। धन सम्पति भन्दा दैविक वा आध्यात्मिक मुक्ति प्राप्त गर्नु नै ठूलो कुरा हो। गहिरो अध्ययनले गर्दा यस्तो निष्कर्षमा पुगे पछि लयरले १५वर्ष पुग्नुभन्दा एक दिन अघि कृतिम जेलबाट निस्केर बैंकरलाई बाजीको दुई मिलियन रुबल्स दिनु पर्ने बाध्यताबाट छुटकारा दिन्छ। निश्चित रूपमा चिन्तन मननको साथमा पुस्तक पढ्नाले नै लयर बाजीको दुई मिलियन रुवल्स परित्याग गर्ने मनस्थितिमा पुग्दछ। जबकि धन सम्पतिलाई ठूलो महत्व दिने बैंकर आफ्नो धन जोगाउन उसले १५ वर्ष पुराउनुभन्दा केही सयम अघि लयरको हत्या गर्ने सोंच समेत बनाएको हुन्छ।

यहाँनेर म संझिन्छु बनारसमा पुस्पलालले मलाई अध्ययन गर्न भनेर जी भी प्लेखनोभको आर्ट एण्ड सोसल लाइफ भन्ने सौन्दर्य शास्त्रसम्बन्धी पुस्तक दिएका थिए। मैले त्यो पुस्तक पल्टाएर हेर्दा के देखे भने पुष्पलालले त्यो पुस्तक ठाउँ ठाउँमा अन्डर लाइन लगाउनका साथ साथै टिप्पणी समेत लेख्दै पढेका रहेछन्। यो पनि एक गहिरिएर अध्ययन गर्ने तरिका हो। डुबेर पढ्ने कुरा हो।

मैले पनि कुनै कुरा गम्भीर भएर पढ्दा अन्डर लाइन लगाउने वा नोट नलेख्ने होइन। तर नयाँ र मलाई धैरै मूल्यवान अझ अप्राप्य जस्तो लाग्ने किताब छ भने मलाई त्यसको अध्ययन गरेर मुख्य कुरामा अन्डर लाइन लगाउने वा केही कमेन्ट गर्ने कुरा त परै जाओस् त्यसमा मेरो नाम समेत लेख्न मन पर्दैन। यसैले मेरा कति किताब जति पुराना भए पनि एकदम नयाँ हुन्छन्। भर्खर बजारबाट किनेर ल्याएका जस्ता हुन्छन्।

**लेखकका तीन प्रमुख काम**

एकपल्ट बंगाली उपन्यासकार शरतचन्दका प्रशंसक एकजना पाठकले उनीसित कुरा गर्दै भनेछन् – सबैले रविन्द्रनाथ टैगोर एउटा ठूला लेखक हुन् भन्दछन्। मलाई त्यस्तो केही लागेन। मैले उनका किताब पढ्ने प्रयास गरें। केही पनि बुझिँन। मैले त तपाईंले लेखेका कुरा राम्ररी बुझ्दछु। मलाई तपाईंले लेखेका कुरा निकै मन पर्दछन्। त्यसको प्रतिक्रियामा शरतचन्दले भनेछन् – मैले तपाईं जस्ता पाठकलाई ध्यानमा राखेर लेख्दछु। त्यसैले तपाईंलाई मेरो लेखन मन पर्दछ। तपाईंले मेरो लेखन बुझ्नु हुन्छ। रविन्द्रनाथ टैगोरले म जस्ता व्यक्तिलाई ध्यानमा राखेर लेख्दछन्। त्यसैले मलाई उनको साहित्य मन पर्दछ। उनको लेखनी मन पर्दछ। मैले उनका कृति मन पराउँछु।

यसबाट के बुझिन्छ भने कवि लेखक वा साहित्यकार त्यसै कवि लेखक वा साहित्यकार हुँदैनन्। उनीहरूले पनि अन्य कवि लेखक वा साहित्यकारहरूका कृति अध्ययन गर्नु पर्दछ।

मैले यसअघि कवि लेखक वा साहित्यकार हुन अध्ययन चाहिन्छ भनेर लेखेको छु। फेरि के पनि लेखेको छु भने अध्ययनका साथसाथै लेख्ने कार्यलाई पनि जारी राख्नु पर्दछ। कुरा त्यति मात्र होइन मैले के पनि स्वीकारोक्ति प्रकट गरेको छु भने मलाई अध्ययन गर्दा लेखन छुट्यो कि भन्ने पीडा हुन्छ। फेरि लेखनमा लाग्दा अध्ययन छुट्यो कि भन्ने पीडा हुन्छ। यी दुबै कुरालाई संतुलन मिलाएर चल्नु पर्दोरहेछ। यो कुरा निकै गाह्रो हुँदोरहेछ। हुन त यस कुरालाई सरल पनि पार्न सकिन्छ। अध्ययन गर्ने जाँगर चले अध्ययन गर्ने। लेख्ने जाँगर चल्यो भने कापी कलम लिएर वा कम्प्युटर खोलेर अंगुला चलाउन थाल्ने।

यतिबेला मलाई कवि लेखक वा साहित्यकारले अर्को समस्या पनि बेहोर्नु पर्दोरहेछ भन्ने कुराको पनि ज्ञान हुन गयो। जानकारी प्राप्त भयो। किसानले खेती गरेर त्यसको बाली नाली स्याहार्नु परे जस्तै वा कुनै व्यापारीले दिनभरि व्यापार गरेर बेलुकीपख आफ्ना माल सामान जम्मा गरेर यथास्थानमा थन्काउनु परे जस्तै कवि लेखक वा साहित्यकारले पनि आफूले बेला बखतमा लेखेका वा प्रकाशित गरेका सामग्री कहाँ-कहाँ छन् खोज खन्तर गरेर तिनलाई सुव्यवस्थित ढंगले यसरी राख्नु पर्दोरहेछ जुन कुरा चाहिंदा वा खोज्दाका बखत तुरुन्त फेला परुँन। कुनै कुना वा दुलामा पुगेर नलुकुन्। गायब नहउन्। बेपत्ताको सूचीमा पर्ने अवस्था नआओस्। एउटा संस्कृतको श्लोकमा पुस्तकमा भएको विद्या र अर्काको हातमा भएको धन आफूलाई काम परेको बेलामा उपलब्ध हुन्नन् भने तिनको के काम भने जस्तै आफूले लेखेको पाण्डुलिपि वा प्रकाशित गरेको पुस्तक चाहिएको वा खोजेको बेलामा पाइन्न भने त्यसको के काम पनि भन्न सकिन्छ होला। तर कवि लेखक वा साहित्यकार आफ्नो पाण्डुलिपि वा प्रकाशित सामग्री हरायो भन्दैमा चैनको निंद सुत्न सक्दोरहेनछ। खोजिरहने रहेछ। खोजिरहने छ। खोजिरहने छ। तबसम्म खोजिरहने छ जबसम्म हात लाग्दैन वा हात लाग्ने अन्तिम आशा पनि मर्दैन। कवि युद्धप्रसाद मिश्रले एउटा कथा संग्रह प्रकाशित गरेका रहेछन्। त्यसलाई त्यतिबेलाको निरंकुश सरकारले जफ्त गरेछ र नष्ट गरेछ। उनीसित एक प्रति पनि बच्न पाएनछ। उनका पुराका पुरा कथाको पुस्तक जफ्त गरेर नष्ट गरिएपछि उनले कहिले आफनो् कथाको पुस्तक खोज्ने कष्ट उठाएनन्। कष्ट उठाउन आवश्यक पनि भएन।

मैले यहाँ जोर दिंदै भन्न खोजेको कुरा के हो भने कवि लेखक वा साहित्यकारको काम अध्ययन गर्नु मात्र होइन। कवि लेखक वा साहित्यकारको काम कलम वा कम्प्युटर चलाउनु मात्र होइन। उनीहरूको एउटा महत्वपूर्ण काम लेखेका वा प्रकाशित गरिएका सामग्रीलाई व्यवस्थित ढंगले वैज्ञानिक रूपमा राख्नु, थन्काउनु वा सुरक्षित गर्नु पनि हो जसले गर्दा जुन चीज जति बेला चाहिन्छ त्यो चीज त्यतिबेला प्राप्त गर्न सकियोस्। त्यसको खोज तलाशमा लागेर अतिरिक्त समय नष्ट गर्न नपरोस्। खर्च गर्न नपरोस्। फाल्न नपरोस्।

यस अर्थमा जस्ता कि मैले माथि भनिसकें मैले यसभन्दा पहिले प्राप्त गरेका ज्ञान कवि लेखक वा साहित्यकारले अध्ययन गर्ने र कलम वा कम्प्युटर चलाउने दुईवटा काम गर्नु पर्दछ भन्न कुरामा सीमित रहेका रहेछ। यतिबेला मलाई थप के ज्ञान प्राप्त भएको छ भने कवि लेखक वा साहित्यकारको तेस्रो प्रमुख काम पनि छ। त्यो काम हो लेखेका वा प्रकाशित गरेका सामग्रीलाई सुव्यवस्थित तथा सुरक्षित तरिकाले राख्नु। स्याहार्नु। थन्काउनु। हिफाजत गर्नु।

मैले अनुभवले गरेको छु कलमले लेखेर राखेको कुराभन्दा कम्प्युटरमा टाइप गरेर राखेको चीजलाई हार्ड डिस्कमा सेभ गरेर राख्न सजिलो मात्र होइन त्यसलाई चाहिएको बखतमा एकै ठाउँमा मुर्ती जस्तै बसेर ओपन गर्न पनि सजिलो हुन जाँदो रहेछ। सर्च गरेर तुरुन्त प्राप्त गर्न पनि सजिलो हुँदो रहेछ। सहज हुँदो रहेछ। तर यस सम्बन्धमा एक प्रसंगमा फोनबाट कुरा गर्दै मलाई मोदनाथ प्रश्रितले भिन्नै प्रकारका अनुभव बताएका थिए। उनले मलाई भनेका थिए कम्युटरमा लेखेका कुराभन्दा सेतो कागजमा काला मसीले लेखेका कुरा धेरै सुरक्षित हुने रहेछन्।आफ्ना लेखन सामग्री कसरी सुरक्षित गर्ने सवालमा मोदनाथ प्रश्रितको भनाइ मननयोग्य छ। कम्युटरमा सेभ गरेका कुरा डिलिट नभए पनि करप्ट हुन सक्दछन्।तर सेतो कागजमा कालो मसीले लेखेका कुरा सुरक्षित रहन्छन्। म जन्मिन साथ लेखेको मेरो जन्मकुण्डली अझ पनि सुरक्षित मात्र होइन हिजो आज लेखे जस्तो छ। म जन्मिनुभन्दा पहिले बुबाले दोकान गर्दा लेखेका बही खाता, कागज पत्र अझ पनि जस्ताको तस्तै छन्। कुरो यो पनि छ, अरु सामान्य कागजमा लेखेको कुराभन्दा हाम्रो पहाडी कागलमा लेखेको कुरा अझ बढी सुरक्षित हुँदो रहेछ।

यस प्रसंगमा प्रकाशित सामग्रीलाई कसरी सुरक्षित राख्ने सवाल निकै जटिल हुन्छ भन्ने कुरा मैले कमलमणि दीक्षितका मुखार विन्दुबाट पनि सुनेको छु। मेरा मित्र दुर्गाप्रसाद अधिकारीले सिलाङका चर्चित व्यक्तित्व तथा अविभाजित आसामका पहिला नेपाली पत्रिका गोर्खा सेवकका सम्पादक मणिसिंह गुरुङको सम्बन्धमा पुस्तक लेख्न आवश्यक सामग्री मदन पुरस्कार गुठीबाट सञ्चालित पुस्तकालयमा प्राप्त हुन्छ कि भनेर हामी जाँदा उनले भनेका थिए– यतिबेला पुस्तकालय बन्द अवस्थामा रहेको छ। उनले हामीसत के पनि भने भने– मलाई त्यहाँ उपलब्ध बहुमूल्य सामग्री कसरी सुरक्षित गर्ने भन्ने समस्याले चिन्तित बनाएको छ। यहाँ भएका पुस्तक आदि सामग्री मुसा र किराहरूबाट कसरी बचाउने भन्ने सवालमा मैले कुनै उपाय देखेको छैन। हामीसित यी किताबको फोटो खिचेर राख्ने उन्नत टेक्नोलजी पनि छैन। सरकारले यस मामिलामा कुनै चासो लिंदैन। त्यतिबेला मलाई थाहा भयो कुरो यस्तो पनि हुँदोरहेछ। पुस्तकालयमा सुव्ववस्थित गरेर राखेका पुस्तक पनि सुरक्षित हुने रहेनछन्।

जे होस्, निष्कर्षमा भन्न सकिन्छ – जुनसुकै कवि लेखक वा साहित्यकारहरूका मुख्यत तीन कार्य हुन्छन्। पहिलो कार्य हो अध्ययन गर्नु। दोस्रो कार्य हो लेखनमा जुट्नु। तेस्रो कार्य हो लेखेका वा प्रकाशित गरका सामग्रीलाई सुव्यवस्थित र सुरक्षित ढंगले राख्नु। यो कुरा लेखनको क्षेत्रमा मात्र होइन हरेक क्षेत्रमा आवश्यक पर्दछ।

म स्मरण गर्दछु त्यतिबेला गम्भीर रूपमा नलिए पनि चीजलाई व्यवस्थित राख्ने सवालमा मैले नेपाली भाषा सेवी दार्जीलिङका पारममणि प्रधान निकै अनुभवी रहेछन् भन्ने कुरा उनीसितको भेट र कुराकानीबाट थाहा पाएको थिएँ थाहा पाउन त उहिले नै। १९७२ मा दार्जीलिङमा आयोजित विराट साहित्य सेमिनारमा भाग लिन गएको अवस्थामा त्यस सेमिनारमा अनुपस्थित रहेका पारसमणि प्रधानलाई भेट्न म उनको निवास कालिंपोङ पुगेको थिएँ। उनीसित नेपाली भाषा मान्यताको निम्ति उनले गरेको संघर्षको चर्चा गर्दा उनले जो जो संग जे जति बेला जे जस्तो लेखापढी गरे र उत्तर प्राप्त गरे त्यसका एक एक फाइल खडा गरेर सुव्यवस्थित तरिकाले राखेका रहेछन्। मसित कुराकानी गर्दा जतिबेला जे कुराको प्रसंग आउँछ उनले बैठक कोठाबाट जुरुक्क उठी भित्र कोठामा गएर सम्बन्धित फायल ल्याएर मलाई देखाउँथे। उनी मसित अदालतमा झैं सप्रमाण कुरा गर्दथे। भनौं उनी मसित सप्रमाण पेश हुन्थे। यहाँनेर म शिलाङमा छँदा मैले सिलाङको स्टेट सेन्टरल लाइब्रेरीमा कुनै आफूलाई नेपालीको निकै ठूलो नेता तथा बुद्धिजीवि भएको दाबी गर्ने कतैबाट सिलाङ आएको आकर्षक व्यक्तित्व भएका सज्जनलाई भेटेको तथा त्यस भेटमा उनले मसित अंग्रेजीमा बोल्दै भनेका कुरा पनि स्मरण गर्दछु। उनले भनेका थिए – तपाईं मसित डेटा, फिगर र फ्याक्टको आधारमा कुराकानी गर्नुहोस्।

मलाई त्यो व्यक्तिको भनाइ जति रुखो भए पनि निकै महत्वपूर्ण लागेको थियो। मलाई लाग्यो पारसमणि प्रधान डेटा, फिगर र फ्याक्टका आधारमा कुराकानी गर्ने व्यक्ति रहेछन्। यो संभव यस कारणले भएको थियो कि उनले आफूले गरेका हरेक कामको फायल खडा गरेर व्यवस्थित तरिकाले राखेका थिए। यस कार्यको थप फाइदा के छ भने यसले मान्छेलाई अनुशासित पनि बनाउँछ। समयको बचत हुने कुरा त छँदैछ।

यी सब कुरा अहिले मैले कसैले भने गरेका काम कुराबाटभन्दा पनि आफूले नै भोगेका अनुभवबाट अझ स्पष्ट र गहिरो गरी बुझ्न थालेको छु।

## दुई प्यालिष्टिनी कविताहरू

# म पक्कै फर्किनेछु

**तौफिक जङ्याद**

जहाँ जमेको छ मेरो जरा
म फर्किनेछु त्यहाँ
केवल पर्खनुहोस् मलाई
म पक्कै फर्किनेछु।

चट्टानका चिराहरूमा
काँडाहरूमा
पातहरूमा
रङ्गीन पुतलीहरूमा
प्रतिध्वनिमा
छायाँमा
जाडोको सुगन्धित माटोमा
गर्मीको धुलोमा
मस्त हरिणहरूको बाटोमा
चराहरूको गुँडमा।

गर्जिने आँधीले बाटो देखाउनेछ
मेरो नसामा धड्किन्छ
मेरो देशको आजानको आवाज
पुकार्छ हरेक पलले
हो, म पक्कै फर्किनेछु।

फूलहरूलाई
त्यति बेलासम्म अक्षुण्ण राख्नू
मेरो आवाज
मेरो सुगन्ध
मेरो शरीर।

# मेरो नाम लेखिदिनुहोस्

**जेना अज्जम**

आमा,
मेरो खुट्टामा मेरो नाम लेखिदिनुहोस्
कालो स्थायी मार्कर प्रयोग गर्नुहोस्
जसको मसी बग्दैन पानीले भिज्दा पनि
त्यो जो पग्लिँदैन
घामको सम्पर्कमा आउँदा पनि।

आमा,
मेरो खुट्टामा मेरो नाम लेखिदिनुहोस्
रेखा मोटो र स्पष्ट बनाउनुहोस्
र तपाईंका विशेष फूलहरू थप्नुहोस्
कि मलाई सान्त्वना मिल्नेछ
सुत्न जाँदा मेरी आमाको हस्तलेखन देखेर।

आमा,
मेरो खुट्टामा मेरो नाम लेखिदिनुहोस्
मेरा दिदीबहिनी र भाइहरूको खुट्टामा पनि
यसरी हामी सँगै हुनेछौं
यसरी हामी चिनिनेछौं
तपाईंका छोराछोरीको रूपमा।

आमा,
मेरो खुट्टामा मेरो नाम लेखिदिनुहोस्
लेख्नुहोस् तपाईंको नाम पनि
र बाबाको नाम पनि
आफ्नो खुट्टामा
यसरी हामीलाई याद गरिनेछ
एउटा परिवारको रूपमा।

आमा,
मेरो खुट्टामा मेरो नाम लेखिदिनुहोस्
कुनै संख्याहरू नथप्नुहोस्
जस्तो कि
म कहिले जन्मएकी थिएँ
वा हाम्रो घरको ठेगाना
म चाहन्नँ
संसारले मलाई अङ्कको रूपमा सूचीबद्ध गरोस्
मेरो नाम छ
म अङ्क होइन।

आमा,
मेरो खुट्टामा मेरो नाम लेखिदिनुहोस्
जब हाम्रो घरमा बम पड्किन्छ
जब पर्खालहरूले हाम्रो खोपडी र हड्डी कुल्चन्छन्
खुट्टाले हाम्रो कथा बताउनेछ
कसरी हाम्रा लागि
भाग्ने कुनै ठाउँ थिएन भनेर

(चन्द्र गुरुङद्वारा अनुदित प्यालेष्टाइनी कविताहरूको संग्रह 'जहाँ आमाहरू कहिल्यै निदाउँदैनन्'बाट साभार)

दैनिक लुम्बिनी
रु.जि.हु.द.न.१३/०६३/०६४

# पेरियोडिक तालिकाको इतिहास



लक्ष्मण श्रेष्ठ

ती रुसी बुढालाई भन्दा पहिला मैले उनको कामलाई चिनेको थिएँ। उनको त नामै अप्ठेरो - दिमित्री इभानोभिस मेन्डेलिभ। उनको सिद्धान्त र नाम सँगसँगै रट्यौँ हामीले। नभए धर्मपाल सरको चुटाई खाइन्थ्यो। कण्ठै थियो - 'तत्वहरुको भौतिक तथा रासायनिक गुण उनीहरुको पारमाणविक भार (एटोमिक वेट)को पेरियोडिक कार्य स्वरुप हुन्छ।'

अर्घाखाँचीको सरकारी स्कुलमा सात कक्षा पढ्दै गर्दा कपिलवस्तु कृष्णनगरका धर्मपाल चौधरी हाम्रा विज्ञान शिक्षक बनेर पुगेका थिए। उनी एक्लै पुगेका थिएनन्। उनीसँगै विज्ञानका केही सामग्री पनि पुगेका थिए - टेस्टट्यूब, मेजरिङ सिलेन्डर, आल्मोनियम फ्वाइल, प्यान ब्यालेन्स, बर्नर, एसिडका बोतल, कपर सल्फेट, लिटमस पेपर के-के हो के-के। तिनैमध्ये एउटा थियो, विभिन्न रङमा अंग्रेजी अक्षर लेखिएको तालिका जसको रहस्य हामीलाई थाहा थिएन।

आठ कक्षामा पुगेपछि विज्ञानको किताबमा अचानक केही नामहरू आए। ती नाम अनौठा थिए र थिए रोचक पनि। अलिकति सरको कुटाईको डरले र अलिकति जिज्ञासाले हामीले रट्यौं ती अनौठा नाम - हाइड्रोजन, हिलियम, लिथियम, बेरेलियम, बोरोन, कार्बन, नाइट्रोजन, अक्सिजन, फ्लोरिन, नियन आदि। यी अनौठा नामको लस्कर पनि अनौठो थियो। हाइड्रोजनको संख्या एक थियो। हिलियमको दुई। लिथियमको तीन। अनि अक्सिजनको आठ। कक्षामा हाम्रो रोल नम्बर भएजस्तै यी तत्वहरुको पनि किन एउटै संख्या हुन्छ ? हामीलाई थाहा थिएन। कक्षाको हाजिरी पुस्तिकामा त अघिल्लो कक्षामा पहिलो भएकोको नम्बर एक हुन्थ्यो। के हाइड्रोजन पनि यी नामहरूको लस्करमा पहिलो भएको थियो ?

'त्यस्तो होइन', धर्मपाल सर भन्थे, 'यो एउटा नियममा आधारित छ। दश कक्षा पुगेपछि थाहा पाउँछौं। अहिले बेसिक कुरा याद गर।'

बस् हामीले दश कक्षा पुग्ने प्रतीक्षा गऱ्यौं। र बेसिक कुरा याद गर्न थाल्यौँ। बेसिक कुरा थिए - तत्व मिलेर यौगिक बन्छन्। यौगिकको सानो भाग अणु हो, तत्वको सानो भाग परमाणु। हाइड्रोजन र अक्सिजन तत्व हुन्। यी दुई मिलेर पानी नामको यौगिक बनाउँछन्। रासायनिक प्रतिक्रियामा यिनै परमाणुहरुले भाग लिन्छन्। जस्तै, हाइड्रोजनका दुईवटा परमाणु र अक्सिजनको एउटा परमाणु मिलेर पानी बन्छ। यी परमाणु किन मिल्छन्, कसरी मिल्छन्। हामीलाई अत्तोपत्तो थिएन। धर्मपाल सरको एउटै रटान थियो - दश कक्षासम्म पर्ख। अहिले बेसिक याद गर। बेसिक पनि कम थियो र ? नौ कक्षा पुगेपछि हामीले रट्यौं हाइड्रोजन, कार्बन र अक्सिजनको भौतिक र रासायनिक गुण। अनि रासायनिक समीकरणका थुप्रोहरु।

बल्ल दश कक्षा पुगेपछि आइपुगे यी रुसी बुढा। तर उनको नाम भन्दा पहिल्यै मैले चिनेको थिएँ उनको काम। धर्मपाल सरले शहरबाट बोकेर ल्याएको रंगीन तालिका यिनै बुढाको मगजको उपज थियो। जहाँ एक सय नौ वटा तत्वहरु आ-आफ्ना छातीमा नम्बर टाँसेर भर्तीका लागि लाइन बसेका तन्नेरीजस्तै उभिइरहेथे।

धर्मपाल सरले हामीलाई त्यो तालिकासँग परिचय गराए।

**नामः पेरियोडिक तालिका**

**जन्मः रुस**

**पिता–माताः दिमित्री इभानोभिस मेन्डेलिभ** (**एउटै**)

**जन्म–मितिः** १८६९

सात कक्षादेखि जागेका सबै जिज्ञासाको रहस्य यही तालिकाले बोकेको थियो। यसैसँग थियो सबै प्रश्नको जवाफ। तर, धर्मपाल सरले अर्को अनौठो कुरा गरे - 'मैले देखाएको पेरियोडिक तालिका मेन्डेलिभले बनाएको होइन।'

हामीलाई अर्को झट्का लाग्यो। विज्ञानको किताबमा मेन्डेलिभले बनाएको तालिका पनि थियो। त्यो तालिकामा भएका थुप्रै त्रुटी सुधारेर अहिलेको तालिका बनाएको रे। कथा रेमा कहाँ टुंगिन्थ्यो र ! हामीले ती त्रुटी पनि रट्नुपऱ्यो। र रट्नुपऱ्यो मेन्डेलिभको तालिकाका विशेषता पनि।

'यो कुनै हालतमा पनि कण्ठ पार्नुपर्छ। यसबारे जान्नैपर्छ किनभने रसायनशास्त्रको आधुनिक यात्राको कोशेढुंगा हो यो।' - धर्मपाल सरले भनेका थिए।

विडम्बना धर्मपाल सर हामीमाझ रहेनन्। तर स्नातकोत्तरसम्म रसायनशास्त्रका किताब बोकेर हिँडिरहँदा मैले पटक-पटक उनलाई मिस गरिरहेँ। कारण, उनले सोह्रै आना सत्य भनेका थिए। रसायनशास्त्रको नाभीमा यही तालिका थियो। जसको पिता थिए - मेन्डेलिभ। मेन्डेलिभको भौतिक शरीरको ठूलो हिस्सा प्रकृतिको कार्बनसँग मिल्यो होला। अलिकति म्याग्नेसियम, पोटासियम भए होलान्। उनको अस्थिपञ्जर उनको चिहान मुनिको माटोमा क्याल्सियम बनेर घुल्यो होला। तर उनले कोरेको तालिका अहिले डेढ सय वर्षको लक्का जवान भएको छ। लक्का जवान किनभने रसायनशास्त्रको यात्रा अझै लामो छ। र यो तालिका अझै हजारौं वर्ष बाँच्नेछ। हजारौं वर्षको आयुमा डेढ सय वर्ष त कैशोर्यको शुरुवात पनि होइन कि ?

**परिचय**

पेरियोडिक तालिका संसारमा उपलब्ध तत्वहरुको सूची हो। यसमा हरेक तत्वको परमाणुको संकेत नाम र नम्बर हुन्छ। जस्तैः हाइड्रोजनलाई ज्ले जनाइन्छ र उसको संकेत नम्बर हो, १। उक्त संख्यालाई पारमाणविक संख्या भनिन्छ। तपाईंले पेरियोडिक तालिकामा ध्यान दिएर हेर्नुभयो भने ठूलो अक्षर ज मुनि सानो आकारमा १.०१ लेखेको पाउनुहुनेछ। त्यो हाइड्रोजनको एउटा परमाणुको पिण्ड हो जसलाई पारमाणविक भार (एटोमिक वेट) भनिन्छ। नोट गरिराख्नुस्, प्राकृतिक रुपमा पाइने सबैभन्दा हलुको तत्व हाइड्रोजन नै हो अनि सबैभन्दा गह्रुंगो चाहिँ युरेनियम जसको पारमाणिक संख्या हो ९२ र पारमाणविक भार (एटोमिक वेट) हो २३८.०२। संसारमा युरेनियमभन्दा पनि गह्रुंगो तत्व छ - अनअनकोटियम। तर त्यो मानिसले बनाएको हो।

पेरियोडिक तालिकाका केही आधारभुत परिचय छन्। सबैभन्दा पहिला, यो अहिलेसम्म थाहा लागेका सबै तत्वहरुको गुणको आधारमा वर्गीकरण गरिएको तालिका हो। यसमा दुई थरी सूची छन्। ठाडो र तेर्सो। ठाडो सूचीलाई समूह (ग्रुप) भनिन्छ। एउटा ग्रुपमा उस्तै खाले गुण भएका तत्वलाई राखिएको छ। भेडा भेडातिर बाख्रा बाख्रातिर भनेजस्तो। जस्तै, हाइड्रोजन भएको समुहमा लिथियम, सोडियम, पोटासियम, रुबिडियम लगायतका तत्व छन्। यी सबै तत्वहरु तालिकाका सक्रिय मध्येका तत्व हुन्। हाइड्रोजनको यो समूहलाई 'अल्काली धातु' नाम दिइएको छ।

पेडियोडिक तालिकामा यस्ता १८ वटा समूह छन्। हरेक समूहमा उसैगरी एकैखालका गुण भएका तत्वहरु छन्। सबैभन्दा बाँयातिर धातुहरु छन्। बाँयाबाट दायाँतिर जाँदा धातुको गुण घट्दै जान्छ र अधातुको गुण बढ्दै जान्छ। दायाँतिर अन्तिमको समूह भने हिलियमको समूह हो। यो समूहमा बस्ने तत्वहरु सबै पुगिसरी भएका शहरका छिमेकीजस्ता छन् - गुत्थ फुलेर बसेका, हत्तपत्ती कसैसँग मिल्दा नि नमिल्ने, प्रतिक्रिया नि नगर्ने। त्यसैले यिनलाई निस्क्रिय ग्याँस नाम दिइएको छ।

तालिकामा सातवटा तेर्सा लस्करहरु छन्। यिनलाई पिरियड भनिएको छ। पिरियड भनेको समय वा अन्तराल हो। जसरी निश्चित अन्तरालपछि उही ऋतु दोहोरिन्छ र त्यही अन्तरालको आधारमा क्यालेन्डर बनेको छ। त्यसैगरी यो तालिकामा पनि निश्चित अन्तराल पार गरेपछि उस्तै गुण भएको तत्व दोहोरिन्छ। र नयाँ अन्तराल अर्थात् पिरियड शुरु हुन्छ।

पेरियोडिक तालिकामा बायाँबाट दायाँ गएपछि जब सबै समूह सकिन्छन् नयाँ पिरियड शुरु हुन्छ र उही गुण भएका तत्व दोहोरिन थाल्छन्। जस्तै पिरियड एक मा हाइड्रोजन र हिलियम छन्। हिलियम पछि आउने तेस्रो नम्बरको लिथियम पिरियड दुईको पहिलो समूह अर्थात् हाइड्रोजन समूहमा पर्छ र यी दुईको गुण मिल्छ। अनि क्रमशः बेरेलियम, बोरोन, कार्बन, नाइट्रोजन, अक्सिजन, फ्लोरिन र निअन राखेपछि फेरी उस्तै गुण भएको सोडियम आउँछ।

गहिरेर हेर्दा पेरियोडिक तालिका जादू जस्तै छ। एउटा नियम समातेर पछि लागेपछि क्यालेन्डर पल्टाएजस्तै यसमा पनि उस्तै गुण भएका तत्व दोहोरिन थाल्छन्।

रसायनशास्त्रको माथिल्लो कक्षाका अध्ययन गर्दैजाँदा यो तालिकाको महत्व अझ बुझ्दै गइयो। हरेक समूह बाँडेर तिनका गुण पढ्दा हरेक पटक लाग्थ्यो, यी सबै तत्वको गुण बेग्लाबेग्लै पढ्नुपरेको भए ढाड कतिपटक भाँचिन्थ्यो होला ? तर मेन्डेलिभले पेरियोडिक तालिकाको जग खनिदिए। उनले खनेको बाटोमा हिँडेर पेरियोडिक तालिका यहाँसम्म आइपुगेको छ।

धर्मपाल सरले भनेजस्तै अहिलेको पेरियोडिक तालिका मेन्डेलिभको भन्दा फरक छ किनभने यसको आधारभुत सिद्धान्त नै फरक छ। मेन्डेलिभले ठानेका थिए, तत्वहरुको गुण उनीहरुको पारमाणविक भार (एटोमिक वेट)को निश्चित अन्तरालपछि दोहोरिन्छ। तर त्यो नियमले धेरै समय काम गरेन। आधुनिक पेरियोडिक तालिकाको नियमले भन्छ- तत्वहरुको गुण उनीहरुको पारमाणविक संख्याको निश्चित अन्तरालपछि दोहोरिन्छ। नियम फेरियो। तालिका फेरियो। नयाँ तालिका बन्यो। तर मेन्डेलिभले खनेको बाटोमा रसायनशास्त्र हिँड्न छोडेको छैन। यद्यपि यो यात्राको शुरुवात मेन्डेलिभ भन्दा पहिल्यै भएको थियो।

**पूर्वजन्मकथाः**

पेरियोडिक तालिकाको इतिहास कहाँबाट शुरु हुन्छ ठ्याक्कै भन्न कठिन छ। यसको एउटा शुरुवाती बिन्दु सम्भवतः ल्याभोइजर हुन्। फ्रान्सेली क्रान्तिको सफलतापछि 'गणतन्त्रलाई न त वैज्ञानिकको आवश्यकता छ न रसायनशास्त्रीको' भन्ने निष्कर्ष सुनाइदै उनलाई गिलोटिनमा काटिएको थियो। उनको दोष थियो, उनी कर खेती गर्थे। उनीसँगै अरु कर संकलक पनि काटिएका थिए। तर अरुभन्दा उनी फरक थिए। कारण, उनले आफूले जम्मा गरेको सम्पत्ति युरोपकै सबैभन्दा राम्रो प्रयोगशाला निर्माणमा खर्च गरेका थिए। पेरियोडिक तालिकाको जन्म सम्भवतः त्यहीँबाटै भएको थियो।

ल्याभोइजरले आफ्नी श्रीमती मेरी-एन्नेसँग मिलेर रासायानिक प्रतिक्रियामा पदार्थहरु कसरी फेरिन्छन् भन्ने पत्ता लगाए। त्यस आधारमा उनीहरुले रासायनिक पदार्थहरुको सूची समेत बनाए। सन् १७८९ मा ल्याभोइजरले प्रकाशन गरेका तत्वहरुको सूची रसायनशास्त्रकै इतिहासमा पहिलो सूची हो। त्यो सूचीमा ३३ वटा तत्वको नाम दिइएको थियो। त्यो भनेको अहिलेसम्म पत्ता लागेका तत्वहरुमध्येको पाँच भागको एक भाग हो। सुन, फलाम, सल्फर, चाँदीजस्ता तत्व उतिबेलै पत्ता लागिसकेका थिए।

ल्याभोइजरले गरेको सबैभन्दा महत्वपूर्ण आविष्कार थियो, पिण्डको संरक्षण सिद्धान्त। उनले पत्ता लगाए रासायनिक प्रतिक्रियामा पदार्थहरुको गुण त फेरिन्छ तर प्रतिक्रियामा भाग लिएका सबै पदार्थको जम्मा भार बराबर हुन्छ। यही सिद्धान्तलाई अझै परिष्कृत गर्दै अर्का फ्रान्सेली रसायनशास्त्री लुई जोसेफ प्राउस्टले सन् १७९४ मा 'निश्चित अनुपातको सिद्धान्त' प्रतिपादन गरे। यो मान्यताको निर्माण रसायनशास्त्रको विकासमा ठूलो फड्को हो।

प्राउस्टको सिद्धान्तले रासायनिक प्रतिक्रियामा सिंगै तत्वले भन्दा पनि तत्व निर्माण गर्ने अरु केही चिजले भूमिका खेल्छ भन्ने अनुमान गर्ने बाटो खोलिदियो।

जोन डाल्टनले त्यस्ता वस्तु परमाणु हुन् भन्ने पत्ता लगाए। उनले भने, कुनै पनि तत्वलाई टुत्र्याउँदै जाँदा एउटा यस्तो विन्दुमा पुगेपछि टुक्रिन छोड्छ त्यो हो - परमाणु। अर्थात् तत्वको सबैभन्दा सानो रुप परमाणु हो। जस्तै हामीले देख्ने सुन सुनका असंख्य तत्वहरु मिलेर बनेको हुन्छ।

डाल्टनले परमाणु (एटम) नामाकरण गर्नुको पछाडि पनि यही अर्थ लुकेको छ। उनले ल्याटिन भाषाको एटमसबाट एटम नामाकरण गरेका थिए। ल्याटिन भाषामा एटमसको अर्थ हुन्छ टुत्र्याउन नसकिने।

उनको सिंगो काम हाइड्रोजनको पारमाणविक भार (एटोमिक वेट)मा आधारित थियो। डाल्टनको कामलाई तुरुन्तै स्विडिस रसायनशास्त्री ज्याकोब बर्जेलियसले ग्रहण गरे। अहिले रसायनशास्त्रमा प्रयोग हुने सुत्रमा लेख्ने तरिका उनै बर्जेलियसले निर्माण गरेका हुन्। पानीलाई ज्द्दइ, सल्फ्युरिक अम्ल (तेजाब)लाई ज्द्दक्इद्ध, खाने नुनलाई ल्बऋर्ी लेख्ने पद्धतिको विकास उनैले गरे।

अर्कोतर्फ बेलायतमा हम्फ्रे डेभीले विद्युत विच्छेदनमा काम गरिरहेका थिए। डेभीले म्याग्नेसियम, क्याल्सियम, स्ट्रोन्टियम, बेरियम, बोरोन जस्ता तत्व पत्ता लगाए। उनले के फेला पारे भने सोडियम र पोटासियमले उस्तै गुण देखाउँछन्। क्याल्सियम, स्ट्रोन्टियमको गुण उस्तै छ। सोडियम र पोटासियमको गुण उस्तै छ।

सन् १८२९ मा जर्मन रसायनशास्त्री जोहान डोब्रेनियरले सल्फर, सेलेनियम र टेलुरियमको गुण उस्तै छ भन्ने पत्ता लगाए। उनले के पनि फेला पारे भने सोडियम, स्ट्रोन्टियम, ब्रोमिन र सेलेनियमलार्य पारमाणविक भार (एटोमिक वेट)को आधारमा लहरै राख्ने हो भने बीचको तत्वको भार (पिण्ड) अरु तीनको भारको औसत हुन्छ। यो तथ्य रहस्यको पहिलो उद्घाटन थियो।

सन् १८६४ मा जोन न्युल्यान्ड्स भन्ने अर्का रसायनशास्त्रीले नयाँ तथ्य उद्घाटन गरे। उनले भने, संगीतको सारेगमपधनिसा जस्तै तत्वहरुलाई पनि एउटा शृंखलामा राख्न सकिन्छ। उनले पोटासियमदेखि ब्रोमिनसम्मका तत्वलाई यस्तै आधारमा राखे।

यसरी मेन्डेलिभले पेरियोडिक तालिका बनाउनुभन्दा पहिला एकसरो काम भइसकेको थियो। र, त्यो सबै काम पारमाणविक भार (एटोमिक वेट)को आधारमा भएको थियो। त्यहीँ मियोलाई समातेका थिए मेन्डेलिभले।

**पेरियोडिक तालिकाको जन्मकथाः**

पश्चिमी सभ्यताको किनारा भनिने रुसका साइबेरियामा १८३४ फेब्रुअरी ८ मा जन्मिएका थिए मेन्डेलिभ। उनी आफ्ना आमाबाबुका एक दर्जनभन्दा बढी छोराछोरीमध्ये कान्छा थिए। बा हाइस्कुलका रिटायर्ड शिक्षक थिए जसको पेन्सनले ठूलो परिवारलाई खान लाउन पुग्दैनथ्यो। त्यसैले मेन्डेलिभकी आमाले आफ्नो दाइले चलाएको सानो कारखानामा म्यानेजरको काम गर्थिन्। सन् १८४८ मा त्यो कारखाना जल्यो। त्यही वर्ष मेन्डेलिभका बाबुको पनि निधन भयो। त्यसको अर्को साल आमाले मेन्डेलिभ र उनका दाईलाई लिएर मस्को गइन्। त्यहाँ पनि मामाले उनीहरुलाई सहयोग गरे। सन् १८५० मा मेन्डेलिभ सेन्ट पिटर्सबर्ग विश्वविद्यालयमा भर्ना भए। त्यहाँका प्राध्यापक अलेक्जेण्डर भोस्क्रेन्स्कीले उनलाई रसायनशास्त्र प्रति चासो जगाइदिए।

सन् १८५६ मा उनले स्नातकोत्तर तहको अध्ययन पुरा गरे। त्यसपछि उनी जर्मनीको हेडेल्बर्ग विश्वविद्यालयमा पुगे। त्यहाँ केही समय विभिन्न अनुसन्धानमा सहभागी भए। सन् १८६० मा सोही विश्वविद्यालयमा भएको कार्लस्रुही सम्मेलनमा सहभागी भए। सो सम्मेलनमा इटालियाली रसायनशास्त्री स्टानिस्लाउ क्यान्निजारोले पहिलोपटक पारमाणविक भार (एटोमिक वेट)को अवधारणा प्रस्तुत गरेका थिए।

सन् १८६१ मा मेन्डेलिभ सेन्ट पिटर्सबर्ग विश्वविद्यालयमा फर्किए। त्यहाँ उनले प्राध्यापन सँगसँगै रसायनशास्त्रका पाठ्यपुस्तक पनि लेख्न शुरु गरे। सन् १८६५ मा विद्यावारिधी पूरा गरेपछि सन् १८६७ मा उनलाई रसायनशास्त्रको प्राध्यापकको रुपमा नियुक्त गरियो। प्राध्यापक भएपछि पनि उनी पाठ्यपुस्तक लेखनमै व्यस्त भए। रुसी भाषमा गतिलो पाठ्यपुस्तक नभएकोमा उनको ठूलो गुनासो थियो।

सन् १८६९ को फेब्रुअरी १४ (रुसी पात्रो अनुसार, ग्रेगोरियन पात्रो अनुसार फेब्रुअरी २६)को दिन पनि उनी पाठ्यपुस्तक लेखिरहेथे। तर शुक्रबारको दिन थियो। उनलाई गाउँतिर जान थियो। त्यहाँ गएर उनले चिज निर्माणमा केही परिस्कार गर्न चाहन्थे।

गाउँमा हिँडिरहँदा पनि उनको दिमागमा भने तत्व र तिनका गुणहरु खेलिरहेथे। त्यहीँ बेलामा उनको दिमागमा क्लिक भयो। तत्वहरुलाई कतै उनीहरुको पारमाणविक भार (एटोमिक वेट)को आधारमा मिलाउन सकिन्छ कि ?

उनले त्यतिबेलासम्म पत्ता लागेका ६३ वटा तत्वको बेग्लाबेग्लै कार्ड बनाए र तिनलाई एउटा क्रममा मिलाएर राख्ने प्रयत्न गरे।

सन् १९०५ मा प्रकाशित 'प्रिन्सिपल अफ् केमेस्ट्री' (रसायनशास्त्रका सिद्धान्त) नामक किताबमा उनले पेरियोडिक तालिका बनाउँदाका अनुभव यसरी व्यक्त गरेका छन् -

'मैले भिन्दाभिन्दै कार्डमा हरेक तत्वका पारमाणविक भार (एटोमिक वेट), तिनका मुख्य गुण, मिल्दाजुल्दा अरु तत्वहरु लेखेँ। यी सबैलाई राखेर हेर्दा मैले तत्वहरुका गुण उनीहरुको पारमाणविक भार (एटोमिक वेट)मा भर पर्ने फेला पारेँ।'

यसरी एउटा यस्तो तालिकाको जन्म भयो जसले संसार नै निर्माण गर्ने तत्वहरुलाई समूहमा हेर्न सिकायो।

**मेन्डेलिभले नदेखेको सत्य**

रसायनशास्त्रको वर्तमान मञ्चबाट हेर्दा मेन्डेलिभको तालिकामा थुप्रै त्रुटी पाइन्छ। मुख्यतः यसमा हाइड्रोजनलाई सही स्थान दिइएको छैन। सबै तत्वका आइसोटोपलाई एकै ठाउँमा राखिएको छ। पारमाणविक संख्या एउटै तर पारमाणविक भार (एटोमिक वेट) फरक भएका परमाणुलाई आइसोटोप भनिन्छ। हाइड्रोजनका तीनवटा आइसोटोप छन्। पारमाणविक भार (एटोमिक वेट)को आधारमा वर्गीकरण गर्दा आउने समस्या नै यस्तै थियो।

मेन्डेलिभको पेरियोडिक तालिकाका यी त्रुटीलाई आधुनिक पेरियोडिक तालिकाले समाधान गरेको छ। त्यसको लागि आधुनिक पेरियोडिक तालिकाले पारमाणविक संख्यामा भर परेको छ। आधुनिक पेरियोडिक तालिको सिद्धान्त हो - तत्वहरुको भौतिक तथा रासायनिक गुणहरु उनीहरुको पारमाणविक संख्याको आधारमा दोहोरिन्छ।

यो निष्कर्षमा पुग्न रसायनशास्त्रले धेरै फड्को हाल्नुपऱ्यो। यो नयाँ तालिका बन्नुभन्दा पहिला रेडियोधर्मी तत्व थाहा पाइयो। इलेक्ट्रोन, प्रोटोन, न्युट्रोनजस्ता उप-पारमाणविक (सब-एटोमिक) कणहरुबारे थाहा भयो। अनि सबैभन्दा ठूलो कुरा रासायनिक प्रतिक्रिया भनेको परमाणुका इलेक्ट्रोनहरु साटफेर हो भन्ने थाहा भयो। सारमा, २०औं शताब्दीको शुरुवातमा पत्ता लागेका नयाँ तथ्यहरुले आधुनिक पेरियोडिक तालिकाको जन्म गराए।

अवश्य पनि १९औं शताब्दीको कमजोरीलाई २०औं शताब्दीले सुधाऱ्यो। तर बाटो त उतिबेलै खनिएको थियो। त्यो काम त्यही रुसी बुढोले गरेका थिए। आज त्यसको पनि डेढ सय वर्ष नाघेको छ।

चियर्स पेरियोडिक टेबल !


## कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृष्णनगर, कपिलवस्तु
## लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

**प्रकाशित मितिः२०८१।०७।२४**

यस कृष्णनगर नगरपालिकाको बाह्रौ नगर सभाद्वारा शिवराज अस्पतालको लागि फार्मेसी औषधिहरु खरिद कार्यको लागि शिर्षक नं.२७२१३ मा बिनियोजन भएकोमा शिवराज अस्पतालको फार्मेसीको लागि औषधि खरिद (KNM/SQ/GOODS–02/081/082) गर्न यस कार्यालयबाट मिति २०८१।०७। ०४ गतेमा दोस्रो पटक प्रकाशित Procurement of Medicine and Surgical Device For Shivraj Hospital Pharmacy सम्बन्धी सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | दरभाउदाताको नाम ठेगाना | कबोल अंक(मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | KNM/SQ/GOODS/ 02/081/082 | AONE PHARMA butwal aonepharma53@gmail.com phone: 9857031931 | ७,०७,२७८/८६ | |

**खेमराज देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

रुपन्देही सुपरलिग

# 'बी डिभिजन' खेल आजदेखि




भैरहवा । २४ वर्षदेखि निरन्तर हुँदै आएको रुपन्देही सुपर लिग क्रिकेट प्रतियोगिता आजदेखि सुरु हुँदैछ । २०५४ सालदेखि निरन्तर जिल्लास्तरमा आयोजना हुँदै आएको नेपालकै एक मात्र सुपरलिगको २०८१ को संस्करण भैरहवास्थित सिद्धार्थ रंगशालामा हुने भएको आयोजक रुपन्देही क्रिकेट संघले जानकारी दिएको छ।

नेपालकै लिग चरणको ठूलो खेलको रुपमा लिइने यो प्रतियोगिताको बी डिभिजनका खेल मंसिर १२ गतेसम्म जारी रहने छ। ए डिभिजनका ८ र बी डिभिजनका १२ गरी २० टिमको सहभागीता रहने प्रतियोगिता एकदिवसीय ५०-५० ओवर फर्मेटमा खेलाइने संघका अध्यक्ष हरि थापाले जानकारी दिए।

पहिला बी डिभिजनका १२ टिमलाई समूहमा विभाजन गरी लिग खेलाइने र सोपश्चात् उत्कृष्ट २ हुने टीम ए डिभिजनमा बढुवा भई प्रतिस्पर्धा गर्ने संघका सचिव सञ्जय गुरुङले बताए। ए डिभिजनका ८ टिम र बी डिभिजनबाट बढुवा भएर आएका २ टीमबिच २ समूहमा विभाजन गरी पुनः लिग खेलाइने छ। टिमले धैरै खेल खेल्न पाओस् भन्दै यस खेलको स्वरुप केही परिवर्तन गरी ३५ वटा प्रतियोगिता हुने सचिव गुरुङले जानकारी दिए।

अहिले डिभिजन 'बी' को खेल हुने र 'ए' डिभिजनको खेल एनपीएल खेलपश्चात् हुनेछ। यही प्रतियोगितको योगदानले रुपन्देहीको टिम छनोट हुने गरेको छ। प्रतियोगितामा रुपन्देहीका सबै क्षेत्रका खेलाडीहरु सहभागी हुने स्वरुपले टिमको सहभागिता रहेको छ।

प्रतियोगितामा बिजेताले १ लाख रुपैयाँ र ट्रफी तथा उप-बिजेताले ५० हजार र ट्रफी प्राप्त गर्नेछन्। प्रतियोगितामा म्यान अफ द सिरिजलाई १५ हजार रुपैयाँ, बेस्ट ब्याटर, बेस्ट बलर र उदयमान खेलाडीले जनही ५ हजार रुपैयाँ तथा प्रत्येक दिनका म्यान अफ द म्याचले १ हजार २ सय रुपैयाँ प्राप्त गर्ने कार्यक्रम संयोजक निरजप्रताप खाँणले जानकारी दिए।

नेपालका जिल्लास्तरमा ५० ओभरको सुपरलिग रुपन्देहीमा मात्रै आयोजना हुन्छ। संघले विभिन्न संघसंस्थासँग सहकार्य गरी लामो समयदेखि यो प्रतियोगिता आयोजना गर्दै आएको छ। आयोजकका अनुसार प्रतियोगितामा ए डिभिजनतर्फ सहभागी टिममा वेस्टर्न क्रिकेट क्लब बुटवल, न्यू होराइजन क्रिकेट क्लब बुटवल, लुम्बिनी खुकुरी क्रिकेट क्लब, तिलोत्तमा क्रिकेट क्लब, मणिग्राम, एक्स्पर्ट जीआर बेलबास, तिरुपति क्रिकेट क्लब भैरहवा, मेलबर्न क्रिकेट क्लब भैरहवा, बुद्ध क्रिकेट क्लब भैरहवा रहेका छन्।

बी डिभिजनबाट नेपथ्य ज्ञानोदय क्रिकेट क्लब नयाँमिल, शंकरनगर क्रिकेट क्लब शंकरनगर, गोलपार्क क्रिकेट क्लब बुटवल, बुटवल युथ क्रिकेट क्लब बुटवल, साई ग्लोबल एकेडेमी भैरहवा, लुम्बिनी शाक्यान क्रिकेट क्लब लुम्बिनी, प्रोफेसनल मास्टर्स ११ भैरहवा, स्टार क्रिकेट क्लब पड्सरी, सैनामैना क्रिकेट क्लब सैनामैना, बुटवल ११, बुटवल राइनोज बुटवल, देवदह क्रिकेट युनिट देवदह छन्। प्रतियोगिता सम्पन्न गर्न करिब १५ लाख रुपैयाँ खर्च लाग्ने आयोजकको भनाइ छ।

# सियारी अध्यक्ष कप दोश्रो रनिङ्ग शिल्ड फुटबल प्रतियोगिता सुरु



भैरहवा। रुपन्देहीको सियारी गाउँपालिकाको आयोजनामा अध्यक्ष कप दोश्रो रनिङ्ग शिल्ड फुटबल प्रतियोगिता सुरु भएको छ।

प्रतियोगितामा सियारी गाउँपालिका भित्रका ८ वटा टिमको सहभागिता रहेको छ। गाउँपालिका अध्यक्ष थानेश्वर घिमिरे, उपाध्यक्ष तारा थारु र प्रमुख प्रशाशकीय अधिकृत ऋषिराम पन्थीले रेफ्रिलाई गोल हस्तान्तरण गरेर प्रतियोगिताको सुभारम्भ गरेका हुन्।

कार्तिक २६ गतेसम्म हुने प्रतियोगिताको प्रथम टिमले १ लाख १ हजार रुपैयाँ नगद, शिल्ड तथा प्रमाण पत्र प्राप्त गर्ने छ भने उपविजेता टिमले ५१ हजार रुपैयाँ प्राप्त गर्ने खेलकुद विकास समिति संयोजक गोपाल ज्ञवालीले जानकारी दिए।

प्रतियोगिताको पहिलो दिन वडा नम्बर १ को हाटि अमुवा युथ क्लब र वडा नम्बर ३ बिच तथा वडा नम्बर ५ र वडा नम्बर ७ को राइजिङ युवा क्लबबिच प्रतिस्पर्धा भएको छ।

प्रतियोगिताको पहिलो खेलमा हाटि अमुवा युवा क्लब विजयी भएको छ। हाटि अमुवाले ७ गोल हानेको थियो। वडा नम्बर ३ ले १ गोल मात्र हान्न सफल भएको कार्यक्रम सञ्चालक ईन्द्रप्रसाद तिवारीले जानकारी दिए।

प्रतियोगिताको पहिलो खेलका म्यान अफ द म्याच हाटि अमुवाकै १३ नम्बरका जर्सी सन्दिप पासी घोषित भएका छन्।

प्रतियोगिताअन्तरगत शनिबार वडा नम्बर ६ को एनडीटीवाइसी वी र वडा नम्बर ७ को अमुवा युथ क्लबबिच हुनेछ।

# सालभ्फण्डी ढोरपाटन सडक : १६ वर्षमा ३० प्रतिशत मात्रै काम

बलेवा। निर्माण थालेको १६ वर्ष पुग्दा पनि राष्ट्रिय गौरवको आयोजना सालभ्फण्डी ढोरपाटन सडकको बागलुङ खण्डमा ३० प्रतिशत मात्रै प्रगति भएको छ। निर्माण कम्पनीको सुस्त कामका कारण गतिलिन नसकेको आयोजनाले आरोप लगाउने गरेको छ। आयोजनाले पनि एक दुई स्थानमा मात्र ठेक्का लगाएर अन्य स्थान अलपत्रै छाडेको छ। सडक अलपत्र पर्दा याममा ढोरपाटन हिँडेका पर्यटकले सास्ती खेप्दै आएका छन्।

अभ्फैपनि बागलुङभित्रको ६१ किमीमध्ये अधिकांश ट्र्याक मात्रै खुलेको छ। त्यो पनि यसअघि नै ग्रामीण सडकको रुपमा खुलेको खण्डमा त परिवर्तन नै भएको छैन। जिल्लाभित्रको ६१ किमी सडकमध्ये बुर्तिबाङदेखि ढोरपाटन पुग्ने सडकभित्रको पनि २२ किमी खण्डको ठेक्का अलपत्र छ। बुर्तिबाङ फल्लेघर ग्राभेल गर्न ठेक्का लिएको स्वच्छन्द, ओमबुद्ध संयुक्त निर्माण कम्पनीले तोकिएको समयमा ३० प्रतिशत मात्रै काम गरेर अलपत्र पारेको हो। तोकिएको समय सकेर थपिएको समयमा पनि कुनै प्रगति नभएको सालभण्डी ढोरपाटन सडक आयोजनाका प्रमुख गागलबहादुर भण्डारीले बताउनुभयो।

त्यस बाहेकको खण्डमा त भ्फनै काम भएको छैन। खुलेको ट्र्याकसमेत समयमा मर्मत नहुँदा वर्षातमा खसेका पहिरो त्यतिकै छ। निसीखोला तर्फको खण्डमा सडकको कामै नहुँदा गाउँपालिकाका जनप्रतिनिधिसमेत आक्रोसित छन्। "न आयोजनाले काम गर्छ, न हामीले लगानी गर्न पाउँछौं, जनताले हामीलाई सोधेको प्रश्नको उत्तर पनि दिन सकेका छैनौं" गाउँपालिकाका उपाध्यक्ष प्रेमबहादुर घर्तीले भन्नुभयो, "सोह्रवर्षदेखि काम नभएपछि जनताले पनि आयोजनाको काम छैन भन्न थालेका छन्।" दोहोरो पर्ने डरले पालिकाले लगानी नगरेको उहाँले बताउनुभयो।

विसं २०६५ मा ट्र्याक खुलाउने काम भए पनि त्यस यता अधिकांश खण्ड अलपत्र छ। फलेघर तर्फको भने २०७८ को कात्तिकमा ठेक्का लागेको थियो। २०८१ को वैशाख ४ गते पूरा गर्ने लक्ष्यमा पटक-पटक म्याद थपेर पनि ३० प्रतिशत मात्रै काम भएको हो। त्यो पनि संरक्षण नभएर सबै भत्केको छ। चिप्लो र खाल्डैखाल्डा भएकाले यात्रीले जोखिम मोलेर यात्रा गरिरहेका छन्।

रु २५ करोड ६१ लाखमा ठेक्का लिएकोमा अहिलेसम्म वित्तीय प्रगति पनि ३० प्रतिशतमाथि जान नसकेको हो। ठेकेदारले आगामी पुस मसान्तका लागि थप गरेको समयमा पनि प्रगति शून्य भएपछि उक्त ठेक्का तोड्नुपर्ने अवस्था आएको भण्डारीले बताउनुभयो।आगामी असार मसान्तभित्र सक्ने भरपर्दो आधार नपाएमा ठेक्का रद्ध गरेर नयाँ प्रक्रियामा जानैपर्ने अवस्था रहेको उहाँले बताउनुभयो। जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापाले सडक अलपत्र पर्दा पर्यटक फर्केको र जिल्लाको राजस्व सङ्कलनमासमेत असर परेको बताउनुभयो।

सडक अप्ठ्यारो भएकै कारण ढोरपाटनका गर्भवती, सुत्केरीहरुले समयमा उपचार पाउन नसकेको, नेपाली सेना र आरक्ष कार्यालयको रासन ढुवानीमासमेत असर परेको छ। यो सडक अलपत्र परेपछि आयोजनाले समयमा काम गर्न ताकेता गर्दै अहिलेसम्म ठेकेदार कम्पनीलाई १० पटक पत्राचार गरेको छ। दुई पटक बैठक बसेर बोलाइएको थियो।

आयोजनाको पत्राचारको समेत बेवास्ता गरेपछि ठेकेदार कम्पनीको रु तीन करोड ५६ लाख बैंक जमानत पनि रोक्का गरिएको छ। लुम्बिनीमा आएका पर्यटकलाई ढोरपापटनसम्म लैजान सहज हुने उद्देश्यले यो सडक निर्माण थालिएको थियो। कूल एक सय ९७ किमी लामो सडकको अहिलेसम्म अर्घाखाँचीको १८ किमी मात्रै कालोपत्र भएको छ। सडक मर्मत नभएकै कारण ढुवानी समस्याले ढोरपाटनका किसानले फलाएको आलुसमेत समयमा बजार पठाउन सकेका छैनन्।

# 'प्रदेश गौरवका आयोजना कार्यान्वयन प्राथमिकतामा'




दाङ। लुम्बिनी प्रदेश सरकारले प्रदेश गौरवका आयोजना कार्यान्वयनलाई प्राथमिकतामा राखेको छ।

मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश गौरवका आयोजना कार्यान्वयनलाई प्राथमिकतामा राखेर काम अघि बढाएका छन्।

प्रदेश सरकारले गौरवका आयोजनाको कार्यान्वयनलाई बजेट र कार्यक्रममा समेत प्राथमिकतामा राख्दै आएका छन्। प्रदेशको आर्थिक विकासलाई नयाँ उचाइमा पुऱ्याउन गौरवका आयोजनाले योगदान गर्ने विश्वास गरिएको छ।

स्वास्थ्य, शिक्षा, प्रशासनिक क्षेत्र, सडक पूर्वाधारलाई प्राथमिकतामा राखेर गौरवका आयोजना तय गरिएको छ। 'प्रदेश गौरवका आयोजनाहरुको कामलाई तिब्रता दिइएको छ। बजेट विनियोजनमा प्राथमिकतामा राखेर कार्यान्वयन तहलाई चुस्त बनाएका छौं,' मुख्यमन्त्री आचार्यले भने-'प्रदेश गौरवका आयोजनालाई प्रदेश सरकारले गौरवका साथ अघि बढाएको छ।'

स्वास्थ्य उपचार सेवालाई प्रभावकारी बनाउन बुटवलमा सुविधा सम्पन्न अस्पताल निर्माणको काम अघि बढेको छ। सुविधासम्पन्न १२ तले एक हजार दुई शैया रहने यस अस्पताल भवन निर्माणको काम अघि बढेको छ।

६ अर्ब १८ करोड बढीको लागतमा २०८५ साल पुससम्ममा निर्माण सम्पन्न गर्नेगरी शिलान्यास गरेर निर्माणको काम अघि बढेको हो। यो अस्पताल निर्माण सम्पन्न भएर सेवा सञ्चालनमा आए बुटवल स्वास्थ्य हवको रुपमा विकासित हुनेछ। अहिले देखिएका उपचारका जटिलताहरु समाधान भएर जाने विश्वास सरकारले लिएको छ।

प्रदेशको प्रशासनिक सेवालाई प्रभावकारी बनाउन सुविधा सम्पन्न प्रशासनिक केन्द्र निर्माणको काम धमाधम भइरहेको छ। प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा ३ अर्ब ९ करोड रुपैयाँको लागतमा प्रशासनिक केन्द्र जसमा मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय रहने गरी कार्य तीव्र रुपमा अघि बढेको छ।

२०८२ सालभित्रै निर्माण सम्पन्न हुने लक्ष्य सहित हाल ६५ प्रतिशत काम पूरा भइसकेको छ। साथै, १ खर्बको लागतमा २० वर्षभित्र आधुनिक सहर निर्माण सम्पन्न गर्ने लक्ष्यअनुसार सरकारले नदी सभ्यतामा आधारित नमूना शहरका लागि साभ्फेदार एवं लगानीकर्ता खोज्न सरकारले पहल लिएको छ।

बाँके जिल्लाको खजुरामा प्राविधिक विश्व विद्यालय स्थापना गरी सूचना प्रविधि, इञ्जिनियरिङ, कृषिलगायत अध्यापन गराईंदै आएको छ। प्राविधिक, दक्ष जनशक्ति उत्पादनका लागि थप पहल गर्ने सरकारको योजना रहेको छ। प्रदेश सरकारले यस सडक आयोजनालाई गौरवको आयोजनाको रुपमा अघि बढाउँदै विभिन्न सडक खण्डलाई बहुवर्षीय आयोजनाका रुपमा काम अघि बढाउने निर्णय गरिएको छ।

रामपुर-जिनाबाङ सडक स्तरोन्नति योजनालाई प्रदेश सरकारले गौरवको आयोजनाको रुपमा अघि बढाएको छ। प्रदेश सरकारले यस सडक आयोजनालाई गौरवको आयोजनाको रुपमा अघि बढाउँदै बहुवर्षीय आयोजनाका रुपमा काम अघि बढाएको छ।

लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०७६/०७७ मा पाल्पाको रामपुरदेखि पश्चिम उत्तर रोल्पाको जिनावाङ जोड्ने सडकलाई प्रदेश गौरवको आयोजनमा राखेर निर्माण सुरु गरेको गरेको हो। चार जिल्लामा ८ चरणमा काम थालिएको यो सडक निर्माणको कामलाई तिब्रता दिनेगरी काम अघि बढेको भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले बताए।

यस वर्ष सडक निर्माणको लागि बजेट रहेको समेत जानकारी दिए। करिब ३ सय किलोमिटर अनुमान गरिएको यो सडक ४ जिल्लाका सडक पूर्वाधार कार्यालय र प्रदेश भौतिक पूर्वाधार निर्देशनालयलले हेर्दै आएको छ।

# दलित अधिकार ऐन बनाउन अन्तर्क्रिया




बुटवल। दलित अधिकार ऐन निर्माणको लागि लुम्बिनी प्रदेशसभाको सामाजिक विकास समितिले छलफल थालेको छ। समितिका सदस्यहरु तथा अन्य प्रदेशसभा सदस्य र सरोकारवालाबिचमा बुटवलमा अन्तर्क्रिया एवं परामर्श गरेको हो।

कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेश सरकारका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले दलितको अधिकारहरुलाई लक्षित वर्गलाई जानकारी दिनुपर्ने बताए। उनले जुनसुकै जातिको पनि अधिकारको रक्षाको लागि प्रदेश सरकारले गतिविधि बढाइरहेको तर्क गरे। उनले दलितको अधिकारको लागि सादा र विादरहित ऐन ल्याउन सकेमा सार्थकता पाउने विश्वास व्यक्त गरे।

प्रदेशसभा सदस्य देवराज विश्वकर्माले ऐनको आवश्यकता अपरिहार्य रहेको बताउँदै दलित आयोगको भूमिका र सहयोगको बारेमा बताएका थिए। लुम्बिनी प्रदेशसभा सचिवालयका सचिव दुर्लभकुमार पुनले ऐन कानुनहरु विषयगत समितिहरुले टुङ्गोमा पुऱ्याउन सकेमा भन्दै छिट्टै पारित भई कार्यान्वयनमा आउने उल्लेख गरे।

बुटवलमा आयोजित अन्तर्क्रिया तथा परामर्श गोष्टिमा बोल्दै सामाजिक विकास समिति सभापति यमबहादुर नेपाली सार्कीले दलित अधिकार ऐनको आवश्यकता तथा अहिलेसम्मको अवस्थाको बारेमा जानकारी गराउँदै कार्यक्रमको बारेमा प्रष्ठाएका थिए। उनले लुम्बिनी प्रदेशसभाको आउँदो हिउँदे अधिवेशनमा पेस गर्ने गरी आफूहरुले तयारी थालेको बताउँदै सरकारको सहयोगको अपेक्षा गरे।

कार्यक्रममा स्रोतव्यक्ति जेबी विश्वकर्माले दलित अधिकार प्राप्तिका लागि कानुनको आवश्यकता विषयमा तयार पारिएको अवधारणापत्र प्रस्तुतिकरण गरेका थिए। उनले अहिलेसम्म भएका काम तथा देशका अन्य क्षेत्रमा भएका प्रभावकारिताका कुराहरुको बारेमा जानकारी गराएका थिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्भ्फनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माभ्फगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com